हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा सुनसरी
प्रदेश नं १ नेपाल

# गाउँ प्रहरी कर्मचारी करार सेवामा भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०५।२३

यस कार्यालयको लागि गाउँ प्रहरी कर्मचारीहरु आवश्यक भएकोले करार सेवामा नोकरी गर्न इच्छुक देहायको योग्यता भएको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसका लागि आवश्यक फाराम, दरखास्त दस्तुर, गर्नु पर्ने कामको विवरण, पारिश्रमिक, सेवाका शर्तहरु र पाठ्यक्रम सहितको विस्तृत विवरण यस कार्यालयको प्रशासन शाखा र कार्यालयको वेवसाइट www.harinagaramun.gov.np बाट उपलब्ध हुनेछ ।

(१) वि.नं./ आवश्यक पद /संख्या / दरखास्त दस्तुर

| क्र सं | विज्ञापन नं | आवश्यक पद | संख्या | दरखास्त दस्तुर रु | दरखास्त पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | ०६/ ०७९।०८० | गाउँ प्रहरी सहायक निरीक्षक | १ | १०००।- | २०७९।६।६ सम्म |
| २ | ०७/ ०७९।०८० | गाउँ प्रहरी हवल्दार | २ | ७००।- | २०७९।६।६ सम्म |
| ३ | ०८/ ०७९।०८० | गाउँ प्रहरी जवान | ६ | ५००।- | २०७९।६।६ सम्म |
| ४ | ०९/ ०७९।०८० | गाउँ प्रहरी जवान(महिला मात्र) | ३ | ५००।- | २०७९।६।६ सम्म |

(२) दरखास्त दिने र राजस्व बुझाउने स्थान :- यस कार्यालयको कर्मचारी प्रशासन शाखा र राजस्व शाखा ।

(३) पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-

(क) नेपाली नागरिकताको प्रतिलिपी (ख) जिल्ला प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाण पत्रको प्रतिलिपी

(ग) उचाई छातीको चौडाइ तौल र दृष्टि क्षमता : पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ फुलाउँदा ३३ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ ।

(घ) आवश्यक न्यूनतम शैक्षिक योग्यता र उमेरको हद :-

(i) वि नं ०६ का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा +2 वा सो सरह उतीर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पद वा एक तह मुनिको पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट एसएलसी वा सो सरह उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी र भविष्यमा अयोग्य नठहरिनेगरी सेवाबाट अवकाश पाएको वा सेवा निवृत्त पत्रको प्रतिलिपी । उमेरको हद: दरखास्त पेश गर्ने अन्तिम मितिसम्मामा २१ वर्ष पूरा भइ ३० वर्ष ननाघेको । नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पद वा एक तह मुनिको पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा ४० वर्ष ननाघेको ।

(ii) वि नं ०७ का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उतिर्ण गरेको। नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पदबाट भविष्यमा अयोग्य नठहरिनेगरी अवकाश प्राप्त वा सेवा निवृत्त भएको प्रत्रको प्रतिलिपी। उमेरको हद: उमेर १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको। नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० बर्ष ननाघेको हुनु पर्नेछ।

(iii) वि नं ०८ र ०९ का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट दश कक्षा वा सो सरह उतिर्ण गरेको। नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पदबाट भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठरिने गरी अवकाश प्राप्त वा सेवा निवृत्त भएको पत्रको प्रतिलिपी। उमेरको हद: दरखास्त पेश गर्ने अन्तिम मितिसम्ममा उमेर १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको। नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० बर्ष ननाघेको हुनु पर्नेछ।

(४) पेश गरेका प्रतिलिपी कागजातहरुको पछाडि उमेद्वार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी सहीछाप गर्नु पर्नेछ।

(५) परीक्षा सञ्चालन हुने समय मिति र स्थान:- पछि तोकिने छ।

(६) पाठ्यक्रम:- हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वंन्धी कार्यविधि २०७९ को अनुसूची ६ वमोजिम हुनेछ।

(७) आवेदन फारम आवश्यक पदको पाठ्यक्रम यस कार्यालयको कर्मचारी प्रशासन शाखामा प्राप्त गर्न सकिनेछ वा यस कार्यालको वेवसाइट www.harinagaramun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

(८) करार सेवा अवधि र पारिश्रमिक :- हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ वमोजिम हुनेछ।

(९) अन्य थप जानकारीका लागि यस कार्यालयको कर्मचारी प्रशासन शाखामा कार्यालय समयमा सम्पर्क राख्न हुन अनुरोध छ।